सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३०३ ♦ २०८२ साल असार ३ गते मंगलवार ♦ 17 June 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## बर्दिबासको होटलबाट दुई भारतीय नागरिकसहित पाँच जना पक्राउ



**खबर दर्पण समाचारदाता**

**असार २ गते, बर्दिवास**

बर्दिबासको स्नेहा होटलबाट वेश्यावृत्तिमा संलग्न दुई भारतीय नागरिकसहित पाँच जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सोमबार बिहान महोत्तरी बर्दिबास नगरपालिका-३ गौरीडाँडास्थित होटेलमा इलाका प्रहरी कार्यालय बर्दिबासबाट प्रहरी निरीक्षक राजेश बर्तौलाको कमान्डमा प्रहरी टोली खटि गई छापा मार्दा अवाञ्छित कार्यमा संलग्नलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

वेश्यावृत्तिमा संलग्न रहेको आरोपमा प्रहरीले भारत सीतामढी मज्फ्फरपुर-१० का २५ वर्षीय राकेश बैठा, मज्फ्फरपुर-४ का ३६ वर्षीय जयकरण बैठा, महोत्तरी रामगोपालपुर नगरपालिका-८ की ३० वर्षीया सुनिन्त्रादेवी मण्डल, सिरहा लहानकी ३० वर्षीया प्रतिभा शर्मा र होटेल सञ्चालक बर्दिबास नगरपालिका-३ गौरीडाँडाका ३७ वर्षीय रामबहादुर तामाङलाई नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी नायब उपरीक्षक विकास बमले बताए ।

बर्दिबासको होटलहरुबाट लागुऔषधको कारोबार हुने, चोरी र अन्य अपराधी घटनाको योजना बन्ने, अपराधी घटनामा होटेलमा रहेका महिलाहरू प्रयोग हुने भएपछि प्रहरीले निगरानी बढाएपछि अवाञ्छित कार्यमा संलग्नहरूलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक बमले बताए ।

## बागमतीको मेयर थापा ५० लाख धरौटीमा रिहा



**खबर दर्पण समाचारदाता**

**असार २ गते, बर्दिवास**

सर्लाहीको बागमती नगरपालिकाका निलम्बित नगर प्रमुख भरतकुमार थापा ५० लाख रुपियाँ धरौटी बुझाएर रिहा हुनुभएको छ ।

डिभिजन वन कार्यालय सर्लाहीले नगर प्रमुख थापासहित छ जनाविरुद्ध गएको वैशाख ११ गते सर्लाही जिल्ला अदालतमा 'वन अतिक्रमण, ताल निर्माण, ढुङ्गा गिट्टी, बालुवा, माटो उत्खनन गरी हानी नोक्सानी गरेको' शीर्षकमा मुद्दा दायर

*बाँकी पृष्ठ ३*

## बर्दिबासमा मोटरसाइकल चोरीमा संलग्न गिरोह पक्राउ



**खबर दर्पण समाचारदाता**

**असार २ गते, बर्दिवास**

बर्दिबास बजारमा पछिल्ला केही सातायता भइरहेका मोटर साइकल चोरीका घटनामा संलग्न गिरोहलाई प्रहरीले नियन्त्रणमा लिएको छ। चोरीमा संलग्न रहेको आरोपमा चार जनालाई पक्राउ गरिएको छ भने पाँचवटा मोटरसाइकल बरामद गरिएको इलाका प्रहरी कार्यालय बर्दिबासले जनाएको छ।

प्रहरीका अनुसार जेठ ११ गतेदेखि २४ गतेसम्म बर्दिबास नगरपालिका-३, १४ र वरपरका क्षेत्रमा चार वटा मोटर साइकल चोरी भएका थिए। तीमध्ये सिटी केयर अस्पताल, हमाल टोल, सेलर मिल र रिसोना गल्लीबाट मोटरसाइकल हराएको उजुरी प्रहरीमा दर्ता भएको थियो।

घटनापछि इलाका प्रहरी कार्यालय बर्दिबासले तत्कालै अनुसन्धान अघि बढाएको थियो। प्रहरी टोलीले सीसीटीभी फुटेज संकलन, सम्भावित संलग्न व्यक्तिहरूको विवरण अध्ययन, मो.सा. ग्यारेज व्यवसायीहरूसँग छलफलजस्ता विविध तरिकाबाट अनुसन्धान विस्तार गरेको थियो। साधा पोशाकमा प्रहरी परिचालनसँगै पैदल गस्तीसमेत बढाइएको थियो।

प्रहरीले असार १ गते सर्लाहीको हरिवनबाट चोरीको मोटर साइकल बिक्री गर्न खोजिएको सूचनाको आधारमा विशेष टोली परिचालन गरेको थियो। टोलीले चोरीमा संलग्न रहेको आरोपमा मकवानपुर बागमती गाउँपालिका-७ का २६ वर्षीय पासाङ तितुङ, सर्लाही बागमती नगरपालिका-४ का २१ वर्षीय पदम थिङ, हरिवन-१० का ३२ वर्षीय दिल बहादुर सिङदोङ र बागमती-२ का २२ वर्षीय सुरेश घिसिङलाई पक्राउ गरेको हो।

पक्राउ परेकाहरूको साथबाट चोरी भएका पाँचवटा मोटर साइकल बरामद गरिएको प्रहरीले जनाएको छ। बरामद मोटरसाइकलहरूमा दुईवटा २२० सीसीको पल्सर, एउटा १५० सीसी पल्सर, एउटा २०० सीसीको लक्क ब्राण्डको बाइक र एउटा कालो-रातो रंगको यलतभकत बाइक रहेको छ। साथै चोरीका लागि प्रयोग हुने 'लक तोड्ने साँचो' समेत बरामद गरिएको छ।


इलाका प्रहरी कार्यालय बर्दिबासका प्रमुख प्रहरी नायब उपरीक्षक (डीएसपी) विकास बमले पक्राउ परेका व्यक्तिहरूलाई अनुसन्धानका लागि आवश्यक प्रक्रिया अघि बढाइएको जानकारी दिए। "मोटरसाइकल चोरीमा संलग्न गिरोह पहिचान गरी नियन्त्रणमा लिन सफल भएका छौं," उनले भने, "थप अनुसन्धान जारी छ।"

पछिल्ला दिनमा बर्दिबास क्षेत्र मोटरसाइकल चोरीका घटनाले त्रसित बनेको थियो। प्रहरीले गिरोहसहित मोटरसाइकल बरामद गरेपछि स्थानीयले राहत महसुस गरेका छन्। यस्ता गतिविधिमा संलग्नलाई कडा कारबाहीको मागसमेत गरिएको छ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# वन तथा वातावरण संरक्षणमा युवाको भूमिका महत्त्वपूर्ण : मन्त्री यादव

**खबर दर्पण समाचारदाता**

**असार २ गते, बर्दिवास**

मधेश प्रदेश सरकारका वन तथा वातावरणमन्त्री संजयकुमार यादवले वन तथा वातावरण क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूलाई तीनै तहका सरकारसँग समन्वय गर ेर कार्य गर्न आग्रह गरेका छन्। वेलायत सरकारको सहयोगमा सञ्चालित रेन परियोजनाअन्तर्गत जनकपुरधाममा आयोजित प्रदेश समन्वय बैठकको उद्घाटन गर्दै मन्त्री यादवले जलवायु परिवर्तन, जैविक विविधताको संरक्षण र चुरे क्षेत्रको विनाश रोक्न सरकारले मात्र पर्याप्त पहल गर्न नसक्ने बताए। उनले यस्ता चुनौती समाधानका लागि सरकारी तथा गैरसरकारी निकायबीच सहकार्य आवश्यक भएको उल्लेख गरे।

"विश्वव्यापी रूपमा बढ्दो वातावरणीय समस्याको प्रभाव नेपालमा पनि स्पष्ट देखिएको छ," मन्त्री यादवले भने, "यस्ता समस्यासँग जुध्न हामी सबैले मिलेर अगाडि बढ्नुपर्छ।"

उनले नदी तथा खोलानालाको सफाइ, वन्यजन्तु संरक्षण तथा पर्यावरण सन्तुलन जस्ता विषयमा युवाको सक्रिय भूमिका अनिवार्य रहेको बताए।

कार्यक्रममा मधेश प्रदेश वन निर्देशनालयका निर्देशक जगरनाथ प्रसाद जयसवालले बाढी, पहिरो लगायतका वातावरणीय जोखिमबाट स्थानीय समुदायलाई सुरक्षित राख्न र समयमै सूचना पुऱ्याउन रेन परियोजनाको योगदानलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिए।

जनकपुर वनप्राविधिक समाजका अध्यक्ष रामस्वार्थ साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वन तथा वातावरण मन्त्रालयका वन संयोजक सुजितकुमार झाले प्रदेशको वन तथा वातावरण क्षेत्रमा रहेका समस्या, चुनौती र सम्भावनाबारे धारणा राखे।



रेन परियोजनाका वरिष्ठ अनुकूलन अधिकृत सन्तोष कुमार मोरबैता यादवका अनुसार, परियोजना मधेश प्रदेशका रौतहट, सर्लाही, धनुषा, सिरहा र महोत्तरीका १६ पालिकामा बाढी, पहिरो तथा वातावरणीय समस्याबाट प्रभावित समुदायमा सुरक्षा तथा सचेतना अभिवृद्धिमा कार्यरत छ। कार्यक्रममा लिवर्डका संयोजक हरिकृष्ण भट्टराईले परियोजनाको प्रगति विवरणसहित कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यक्रममा प्रदेश सरकारका प्रतिनिधि, विभिन्न संघसंस्था तथा सरोकारवालाको उल्लेखनीय सहभागिता रहेको थियो।


छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
मलंगवा नगर पालिका, सर्लाही

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
लालबन्दी नगर पालिका,सर्लाही

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
कविलासी नगर पालिका, सर्लाही

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
ईश्वरपुर नगर पालिका, सर्लाही

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
हरिपूर्वा नगर पालिका, सर्लाही

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
हरिपुर नगर पालिका, सर्लाही

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
हरिवन नगर पालिका, सर्लाही

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
गोडैता नगर पालिका, सर्लाही

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
बरथवा नगर पालिका, सर्लाही


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# दुर्व्यसनको लतले बनायो लागुऔषध कारोबारी, अहिले भोग्दैछन् सजाय

**सन्तोष सिंह**

**असार २ गते, बर्दिवास**

कारमा गुडिरहेका जलेश्वर नगरपालिका-२ का ३२ वर्षीय सिकेन्द्र साह बर्दिबास आउँदै गर्दा पक्राउ परे। जेठ २१ गते साँझ बर्दिबास नगरपालिका-८ रामानन्द चोकमा लु २ च २१२४ नम्बरको कारसहित प्रहरीले उनलाई नियन्त्रणमा लियो। उनको गाडीभित्र चकलेटको बट्टामा खैरो ब्राउन सुगर ५० ग्राम प्रहरीले बरामद गरेको छ।

साह सीमावर्ती भारतीय बजार साहरघाटबाट बर्दिबास आएको प्रहरी अनुसन्धानबाट खुलेको छ। उनी स्कुटीमा भारतीय बजार पुगेका थिए। फर्किने बेलामा स्कुटी बिग्रिएपछि अटोमा ब्राउनसुगर लिएर जलेश्वर आएका थिए। जलेश्वर आएर सम्सीस्थित आफन्तको घरमा जान कार लिएर बर्दिबास आउने क्रममा उनी समातिएका हुन्। ब्राउन सुगर ल्याउन प्रयोग भएको स्कुटी अझै भारतमा छ। उनले भारतमा प्रतिग्राम २ हजारका दरले नेपाली १ लाख रुपैयाँमा खरिद गरेको ब्राउन सुगर बर्दिबास ल्याएर ३ लाख ५० हजारमा बेच्ने गरी 'डिल' गरेको खुलेको छ। भारतमा खुद्रा प्रतिग्राम ३ हजारको दरले उपलब्ध हुने ब्राउन सुगर कारोबारीले २ हजारको दरले खरिद गर्ने गरेको प्रहरी अनुसन्धानले देखाएको छ। यसरी खरिद गरिएको ब्राउन सुगर बर्दिबासमा ३ देखि ५ हजार र काठमाडौं पुर्‍याएर ७ देखि १० हजारमा बेच्ने गरेको अनुसन्धानमा संलग्न प्रहरीको भनाइ छ।

साहलाई इलाका प्रहरी कार्यालय बर्दिबासमा राखेर प्रहरीले अनुसन्धान गरिरहेको छ। उनले २ वर्षअघिदेखि लागुऔषध सेवन गर्न थालेका थिए। बिस्तारै उनी महिनाथपुरका मामा नामले परिचित भारतीय कारोबारीको विश्वासिला बन्दै गए। पछिल्लो समय उनी नेपालमा ब्राउन सुगर सप्लाई गर्न भरिया को रुपमा सक्रिय थिए।

महिनाथपुरबाट सानो परिमाणको कारोबार गर्दागर्दै आफ्नै नेटवर्क विस्तार गरी धनुषा तिनाकौरियाको तस्करी रुट छोडेर साहरघाटका राजाभाइ भन्नेसँग मिलेर केही महिनायता उनी महोत्तरीमा कारोबार थालेका थिए। जलेश्वरमा खुद्रा बिक्रीसँगै चामलको बोरामा लुकाएर काठमाडौंसम्म साहले ब्राउन सुगर पठाएको अनुसन्धान क्रममा खुलेको इलाका प्रहरी कार्यालय बर्दिबासले जनाएको छ।

उनी जलेश्वरमा सुनचाँदी व्यवसाय सञ्चालन गर्छन्। यसैको आडमा भारतदेखि काठमाडौंसम्म लागुऔषधको व्यापार विस्तार गरेका थिए।

११ महिनामा लागुऔषध सम्बन्धी १८ मुद्दा

बिहीबार साँझ इलाका प्रहरी कार्यालय बर्दिबासको थुनामा रहेका १९ जनामध्ये ब्राउन सुगर सहित पक्राउ परेका साह लगायत १६ जना भने लागुऔषध मुद्दाका आरोपित थिए।

इलाका प्रहरी कार्यालय बर्दिबासको हिरासत कक्ष सानो र अनुसन्धानका लागि पर्याप्त प्रमाण नपुग्ने भएर सेवनकर्ता र सानो परिणाम लागुऔषध बरामद हुँदा अभिभावकको जिम्मा लगाउनेको संख्या पनि दिनदिनै बढ्दो छ। पटकपटक लागुऔषध सेवन गर्दा पक्राउ पर्नेलाई सुधार केन्द्रमा राखिने गरेको इलाका प्रहरी कार्यालय बर्दिबासका



प्रहरी नायव उपरीक्षक विकस बमले बताए।

बर्दिबास प्रहरीले पछिल्लो ११ महिनामा १८ लागुऔषधको मुद्धा दर्ता गरेको छ। एक महिनामा मात्रै ९ मुद्दामा १३ जना कारोबारी पक्राउ परेका छन्। इलाका प्रहरी कार्यालय बर्दिबासको प्रमुख भएर प्रहरी नायव उपरीक्षक विकास बम आएपछि वैशाखयता बर्दिबासबाट लागुऔषध गाजा कारोबार गर्ने ७ जना, खैरो हेरोइन कारोबारी ५ र अन्य लागुऔषध १७ बोतलसहित १ जना पक्राउ परेको छ।

जनशक्ति र स्रोतसाधन अभावमा बर्दिबासबाट सम्भव नभएपछि सिन्धुली प्रहरीलाई समेत सूचना दिएर लागुऔषध तस्करी नियन्त्रण गर्न प्रयास गरि रहेको प्रहरी नायव उपरीक्षक बमले बताए। पक्राउ पर्ने सेवनकर्तालाई थुनामा राख्ने ठाउँ नै छैन, प्रहरी नायव उपरीक्षक बमले भने, 'बर्दिबासमा लागुऔषध बिक्री र सेवन समान्यजस्तै बनेको छ। कतिलाई थुन्ने पक्राउ परेका सेवनकर्तालाई छोडाउन आउने दबाब थेग्नै नसक्ने हुन्छ। दुर्व्यसनमा लागेकाहरुलाई प्रहरी हिरासतमा नराखी सुधार केन्द्रमा पठाउन थालेको छु।' सचेतना र कारबाहीले मात्रै बर्दिबासमा लागुऔषधको सञ्जाल तोड्न चुनौती भएको उनले बताए।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायव उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार महोत्तरीमा पछिल्लो ११ महिनामा लागुऔषधको ५३ मुद्दामा ७१ जना पक्राउ परेका छन्। पक्राउ परेका व्यक्तिहरुले लागुऔषध ओसार्न प्रयोग गरेको १७ मोटरसाइकल, ४ ट्रक, पिकअप १, कार २, एम्बुलेन्स १ र स्कारपियो १ वटा प्रहरीले बरामद भएको छ।

# बागमतीको मेयर....

गरेको थियो। सागरनाथ वन विकास परियोजनाको मातहतमा पर्ने वनको जग्गा अतिक्रमण गरेर बागमती माछा पोखरी (भरत ताल) निर्माण गरेको भन्दै मुद्दा दायर भएपछि फरार रहेका निलम्बित नगर प्रमुख थापा आफै सर्लाही जिल्ला अदालतमा हाजिर हुनुभएको थियो।

अदालतमा उपस्थित भए लगत्तै न्यायाधीश जीवनकुमार भण्डारीको इजलासमा भएको थुनछेक बहसपछि थापालाई ५० लाख रुपियाँ धरौटी बुझाएर साधारण तारेखमा छाड्न आदेश भएको सर्लाही जिल्ला अदालतका सूचना अधिकारी सिकिन्दर कापरले जानकारी दिनुभयो। कापरका अनुसार यो मुद्दामा अन्य पाँच अभियुक्त फरार नै रहेका छन्।

यो मुद्दामा बागमती नगरपालिकाकी निलम्बित उपप्रमुख लीलाकुमारी मोक्तान, नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल, तत्कालीन लेखा अधिकृत विश्वराज पोखरेल, इन्जिनियर सागर पौडेल र जिल्ला समन्वय समिति सर्लाहीका तत्कालीन प्रमुख मेथुर चौधरी फरार रहेका छन्। डिभिजन वन कार्यालयले निलम्बित नगर प्रमुख थापासहित फरार रहेका छ जनाविरुद्ध एक अर्ब ४९ करोड ३९ लाख ४३ हजार ३३७ रुपियाँ ४५ पैसा बिगो दाबीसहित मुद्दा दर्ता गराएको थियो।

वन कार्यालयले दायर गरेको मुद्दामा धरौटी बुझाएर छुटे पनि निलम्बित नगर प्रमुख थापाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार सम्बन्धी दुई वटा मुद्दा यसअघि नै दायर गरेको छ। सो मुद्दामा विशेष अदालतले गएको वैशाख ७ गते अख्तियारलाई थप प्रमाण जुटाउन आदेश दिएको थियो।


छोरा छोरीमा भेदभाव नगरौं। छोरीलाई स्कूल पठाऔं।छोरीलाई उच्च शिक्षा दिलाऔं।
बलरा नगरपालिका, सर्लाही

छोरा छोरीमा भेदभाव नगरौं। छोरीलाई स्कूल पठाऔं।छोरीलाई उच्च शिक्षा दिलाऔं।
रामनगर गाउँपालिका, सर्लाही

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
धनकौल गाउँपालिका, सर्लाही

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं। कर तिर्नु सभ्य नागरिकको पहिचान हो। समयमै कर चुक्ता गरौं।
चन्द्रनगर गाउँपालिका, सर्लाही

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं। कर तिर्नु सभ्य नागरिकको पहिचान हो। समयमै कर चुक्ता गरौं।
चक्रघट्टा गाउँपालिका, सर्लाही

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं। कर तिर्नु सभ्य नागरिकको पहिचान हो। समयमै कर चुक्ता गरौं।
ब्रह्मपुरी गाउँपालिका, सर्लाही

छोरा छोरीमा भेदभाव नगरौं। छोरीलाई स्कूल पठाऔं।छोरीलाई उच्च शिक्षा दिलाऔं।
विष्णु गाउँपालिका, सर्लाही

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
बसबरिया गाउँपालिका, सर्लाही

# खयरमाराका महिलाहरूलाई 'मेसिनरी वाल' निर्माण गर्न भ्याइ नभ्याई

**खबर दर्पण समाचारदाता**

**असार २ गते, बर्दिवास**

तराईको हपहप्ती गर्मीमा बर्दिबास ११ खयरमाराको थापा टोलस्थित महिलाहरूलाई अहिले चुरेको फेदीमा 'मेसिनरी वाल' निर्माण गर्न भ्याइ नभ्याई छ । मौसमी तापक्रम झन्डै ४० डिग्री पुग्न लागेको छ। पसिनाले लफ्रक्क भिजेका शरीर, भोको पेट फेरि पनि उत्तिकै फुर्ती र उत्साहसाथ महिलाहरू ढुङ्गा पुर्याउन, सिमेन्ट मिलाउन र 'मेसिनरी वाल' बनाउन व्यस्त छन् । बोल्ने फुर्सद छैन ।

जेठ ७ गतेबाट निर्माण थालेदेखि यहाँका करिब २६ जना महिलाहरू गाउँको विकाशमा दिनरात नभनी श्रम गर्दै आउनु भएको छ ।

श्रम गरे पनि उहाँहरू श्रमिक भने हैन । सबै जना प्रगतिशील महिला समूहसँग आबद्ध हुनुहुन्छ । त्यसमध्येकी ७ जना उपभोक्ता समितिका पदाधिकारी र सदस्यहरू आफै पनि श्रम गर्दै आउनु भएको छ। जेठ लागे यता असारे विकाशको भीडमा बर्दिबासको सुदूर उत्तर वर्ती खयरमाराका महिला मैत्री उपभोक्ता समितिको स्तरीय काम, श्रम र उत्साहले चर्चा पाएको छ ।



स्थानीय समाजसेवी पोषण थापाका अनुसार चुरेबाट बगेर आउने बर्से भलबाट बस्ती जोगाउन मधेस प्रदेश पूर्वाधार विकाश कार्यालय महोत्तरीले ५० लाख बजेट स्वीकृत गरेको छ। यो बजेटले पश्चिमको बाँके खोलादेखि पूर्वको बढुवा खोल्सीसम्म सडकको दक्षिण पट्टी २७० मिटर लामो मेसिनरी वाल निर्माणका लागि महिला मैत्री उपभोक्ता समितिले सम्झौता गरेदेखि वाल निर्माणले चर्चा पाउँदै आएको हो ।

समाजसेवी थापाले भन्नु भयो 'मुलुकको समृद्धिका लागि विकाशमा महिला नेतृत्व अपरिहार्य छ। त्यसको सुरुवात खयर माराको थापा टोलबाट सुरु भएको छ ।'

वडाध्यक्ष पूर्णबहादुर बलका अनुसार सुरुमा वाल निर्माणको योजनामा बिचौलियाले चलखेल गर्न खोजेपछि विवाद भयो । गाउँले भेलाको सहमतिमा वडाले सिफारिस गरेपछि पहिलो पटक महिला मैत्री उपभोक्ता समिति गठन भएको हो ।

गाउँलेका अनुसार वर्षे भलले थापा टोल र काफले टोलका गरी ७० परिवारका ६० विगाहा घरजग्गामा क्षति पुर्याउदै आएको थियो ।

उपभोक्ता समितिकी अध्यक्ष अनिता सुवेदीले वर्षौंपछि बर्से भलबाट बस्ती संरक्षणको सपना साकार हुने भएपछि बाल निर्माणका लागि गाँउका महिला दिनरात नभनी खटिएको बताउनु भयो ।

अध्यक्ष सुवेदीले भन्नु भयो 'एकातिर गुणस्तरीय काम र समयमै काम सम्पन्न गर्नु पर्ने चुनौती छ । अर्कोतिर अवसर पाए महिलाले जे पनि गर्न सक्छन् भन्ने देखाउन पनि भोक तीर्खा नभनी श्रम गरेका हौं ।'

समितिकी कोषाध्यक्ष अनुराधा मगरातीले यहाँ श्रम गर्ने सबै महिला कसैले ज्याला नलिएको बताउनुभयो। सम्झौता अनुसार दुई लाख ५३ हजार बराबरको त श्रमदान नै गर्नु पर्छ ।

तयपछि प्राप्त हुने पारिश्रमिक समूहको खातामा जम्मा हुने उहाँको भनाई छ। यो बचतले आफ्ना बस्तीमा उत्पादित दूधलाई बजारीकरण गर्न चिस्यान केन्द्र र भवन निर्माणका लागि श्रोत जुटाउन श्रम गर्दै आएको बताउनु भयो ।

यसअघि समूहका सदस्यले धान गहुँ काटेर, बनीबुतो गरेर ३ लाख जति बचत गर्नु भएको छ ।-गोप अनलाइन




# औरहीमा ब्युटिसियन तालिम सुरु

**खबर दर्पण समाचारदाता**

**असार २ गते, बर्दिवास**

सरिता फाउन्डेसनको आयोजनामा महोत्तरीको औरही नगरपालिकामा 'ब्युटिसियन तालिम' सुरु भएको छ । तालिममा ३० जना महिलाहरूको सहभागिता रहेको छ ।

सोमबार तालिमको उद्घाटन कार्यक्रममा प्रमुख अतिथिका रूपमा औरही नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत माधवेन्द्र चौधरीको उपस्थिति रहेको थियो । साथै विशेष अतिथिका रूपमा वडा नं. ७ का अध्यक्ष जितेन्द्र यादव, वडा नं. ३ का अध्यक्ष रामकेवल यादव, वडा नं. २ का अध्यक्ष दरेश यादव, वडा नं. ८ की वडा सदस्य इन्दु सदा र महिला शाखा प्रमुख रीता ओली सहभागी थिए ।




सरिता फाउन्डेसनका अध्यक्ष सरिता साहले महिलाहरूलाई सीपमूलक तालिममार्फत आर्थिक रूपमा सशक्त बनाउने तालिमको उद्देश्य रहेको बताइन् । उनले भनिन्, 'तालिममा सहभागी महिलाहरूले ब्युटिसियनको विविध सीप सिक्नेछन् । यसले उनीहरूलाई आत्मनिर्भर बन्ने यात्रामा सघाउँछ ।'

'हामी महिलाहरूलाई सशक्त बनाउन र आत्मनिर्भर बनाउने लक्ष्यसहित यो तालिम सञ्चालनमा ल्याएका हौं,' साहले भनिन्, 'स्थानीय सरकार र समुदायको साथले हामी उत्साहित छौं ।'

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा श्‍वीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,